31ST of May

National News

<u>मुख्य समाचार</u>

- रक्षा क्षेत्रमा आत्मनिर्भरता समृद्ध भारतको लक्ष्यका लागि अनिवार्य  रक्षा सचिवको भनाई
- आतङ्ककारीहरूप्रति प्रधानमन्त्री मोदीको कडा सन्देश
- फिट इन्डिया सन्डे अन साइकलको 25औं संस्करण विशेष तिरंगा र्‍यालीका रूपमा मनाइँदै
- मिजोरममा अविरल वर्षाका कारण भीषण पहिरो, पाँच जनाको मृत्यु

<u>आतङ्ककारीहरूप्रति प्रधानमन्त्री मोदीको कडा सन्देश</u>

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ जम्मु–कश्मीरको पहलगाममा भएको आतङ्कवादी हमला भारतको नारी शक्तिप्रति चुनौती थियो, र त्यो हमला गर्नेहरूका लागि मृत्युको सन्देश साबित भएको छ।प्रधानमन्त्री मोदीले भोपालको जम्बूरी मैदानमा आयोजित महिला सशक्तिकरण महासम्मेलनलाई सम्बोधन गर्दै भन्नुभयो कि भारत अब कुनै पनि प्रकारको परोक्ष युद्ध सहन तयार छैन, र यस्ता आतङ्ककारी गतिविधिहरूको कडा प्रतिकार गरिनेछ। लोकमाता देवी अहिल्याबाई होल्करको 300औं जयन्तीको अवसरमा आयोजना गरिएको कार्यक्रममा, प्रधानमन्त्रीले भन्नुभयो की "सिन्दूर अब भारतको वीरताको प्रतीक बनेको छ। आतंककारीहरूले नारीशक्तिलाई चुनौती दिएका थिए, तर यही चुनौती उनीहरूकै विनाशको कारण बन्यो। हाम्रो सेनाले सयौँ किलोमिटरभित्र पसेर आतङ्ककारी अड्डाहरू ध्वस्त पारेको छ। 'अपरेशन सिन्दूर' भारतको इतिहासमा अहिलेसम्मकै सबैभन्दा ठूलो सफलता हो। Byte....

प्रधानमन्त्री मोदीले सरकारका विभिन्न जनकल्याणकारी योजनाहरूको चर्चा गर्दै भन्नुभयो कि उहाको सरकार लोकमाता अहिल्याबाईको "नागरिक देवो भव:" मन्त्रलाई शासनमा अपनाइरहेको छ। उहाँले स्पष्ट पार्नुभयो कि महिला नेतृत्वमा आधारित विकास सरकारको दृष्टिकोणको मुख्य आधार बनिरहेको छ, र सरकारका हरेक मुख्य योजनामा महिलाहरूको भूमिका महत्वपूर्ण रहेको छ। कार्यक्रममा प्रधानमन्त्री मोदीले देवी अहिल्याबाई होल्करको सम्मानमा एक स्मारक डाक टिकट र तीन सय रुपैयाँको सिक्का पनि सार्वजनिक गर्नुभयो।

## रक्षा क्षेत्रमा आत्मनिर्भरता समृद्ध भारतको लक्ष्यका लागि अनिवार्य  रक्षा सचिवको भनाई

भारतका रक्षा सचिव राजेश कुमार सिंहले भन्नुभयो कि रक्षा क्षेत्रमा आत्मनिर्भरता केवल राष्ट्रको सामरिक स्वतन्त्रता कायम राख्नका लागि मात्र होइन, समृद्ध भारतको लक्ष्य हासिल गर्नका लागि पनि अत्यन्तै महत्वपूर्ण छ। नयाँ दिल्लीमा आयोजित एक रक्षा सम्मेलनमा बोल्दै श्री सिंहले बताउनुभयो कि  2015 मा भारत रक्षा सामग्री आयात गर्ने प्रमुख मुलुकमध्ये एक थियो, तर आज त्यो शीर्ष 25 रक्षा निर्यातकर्ता देशहरूमध्ये एक बनिसकेको छ। उहाँले जोड दिँदै भन्नुभयो कि एक सयभन्दा बढी भारतीय कम्पनीहरूले मिसाइल, रकेट लञ्चर, सिमुलेटर, जस्ता विभिन्न प्रकारका युद्धपोत तथा समुद्री निगरानी प्रणालीजस्ता रक्षा उत्पादनहरू सयभन्दा बढी देशहरूमा निर्यात गरिरहेका छन्। श्री सिंहका अनुसार, भारतको रक्षा मन्त्रालयले यस्ता उत्पादनहरूको खरिद प्रक्रियामा लाग्ने समय घटाउनका लागि आवश्यक कदमहरू चालेको छ।

## अहिल्याबाई होल्करले धर्म र संस्कृतिको संरक्षण गरिन् : जे.पी. नड्डा

भारतीय जनता पार्टीका अध्यक्ष तथा केन्द्रीय मन्त्री जे.पी. नड्डाले भन्नुभएको का छ कि लोकमाता अहिल्याबाई होल्करले धर्मको संरक्षण र संस्कृतिको संवर्द्धनमा महत्वपूर्ण योगदान पुर्‍याउनु भएको थियो । उहाँले अहिल्याबाईलाई एक महान समाज सुधारकको रूपमा उल्लेख गर्दै भन्नुभयो कि उहा साहसी, निडर तथा महिला सशक्तिकरणको पक्षमा ऐतिहासिक कार्य गर्ने महिला हुनुहुन्थ्यो।

जयपुरमा आयोजित अहिल्याबाई होल्करको 300औं जयन्ती समारोहमा सम्बोधन गर्दै श्री नड्डाले भन्नुभयो कि अहिल्याबाईले सामाजिक न्यायका पक्षमा लडाइँ गर्नुभयो र सुशासनको नयाँ युगको सुरुवात गर्नुभयो।

## आज विश्व धूम्रपान निषेध दिवस हो।

आज विश्व धूम्रपान निषेध दिवस हो।

विश्व स्वास्थ्य संगठनले तम्बाकूको सेवन रोक्नका लागि यो अवसरमा विश्वभर विभिन्न कार्यक्रमहरू आयोजना गर्दै आएको छ, जसको उद्देश्य मानिसहरूलाई तम्बाकूजन्य पदार्थको सेवनबाट हुने खतराहरूको जानकारी दिनु हो। यस वर्षको theme "प्रलोभनको पर्दाफास: तम्बाकू र निकोटिनजन्य उत्पादनहरूमा उद्योगको चलखेल उजागर गरौं  थियो।  नयाँ

दिल्लीस्थित अखिल भारतीय आयुर्विज्ञान संस्थान (AIIMS) का फोक्सो रोगका विशेषज्ञ डा. करण मदानले बताए अनुसार तम्बाकूको जुनसुकै प्रयोग गर्नु स्वास्थ्यका लागि हानिकारक हुन्छ।

फिट इन्डिया सन्डे अन साइकलको 25औं संस्करण विशेष तिरंगा र्‍यालीका रूपमा मनाइँदै

फिट इन्डिया सन्डे अन साइकल अभियानको 25औं संस्करण भोलि देशभर एक विशेष तिरंगा र्‍यालीको रूपमा मनाइनेछ।केन्द्रीय युवा मामिला तथा खेल मन्त्री डा. मनसुख माण्डवियाले राष्ट्रिय राजधानी नयाँ दिल्लीमा यस विशेष संस्करणको नेतृत्व गर्नुहुनेछ। कार्यक्रममा ओलम्पिक पदक विजेता योगेश्वर दत्त, अन्तर्राष्ट्रिय कुस्तीबाज सरिता मोर, बलिउड अभिनेत्री शरवरी, साथै पूर्व क्रिकेटर तथा चयनकर्ता सबा करीम लगायत खेलकुद तथा मनोरञ्जन क्षेत्रका चर्चित व्यक्तिहरूको सहभागिता रहनेछ। युवा मामिला तथा खेल मन्त्रालयले जारी गरेको विज्ञप्तिअनुसार, 3 जुनको विश्व साइकल दिवसलाई ध्यानमा राख्दै आयोजना हुने यस कार्यक्रमले साइकलिङ फिटनेसको लागि अत्यन्त प्रभावकारी अभ्यास हो भन्ने सन्देशलाई थप सुदृढ पार्नेछ, साथै भारतका सशस्त्र बलप्रति सामूहिक श्रद्धाञ्जलीस्वरूप पनि रहनेछ। राष्ट्रिय राजधानीमा 1 हजार 2 सय भन्दा बढी साइकल यात्रीहरू सहभागी हुने अपेक्षा गरिएको छ भने, देशभर दुई हजारभन्दा बढी स्थानहरूमा कार्यक्रमहरू आयोजना गरिने मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार, हालसम्म 3 लाखभन्दा बढी नागरिकहरूले यस अभियानमा सक्रिय सहभागिता जनाइसकेका छन्। यस अभियानलाई सानिया मिर्जा, मिलिन्द सोमन्, इमरान हाश्मी, जोन अब्राहम, इम्तियाज अली र शंकर महादेवन जस्ता चर्चित व्यक्तित्वहरूले समर्थन जनाएका छन्।

मिजोरममा अविरल वर्षाका कारण भीषण पहिरो, पाँच जनाको मृत्यु

मिजोरमका विभिन्न भागहरूमा विगत तीन दिनदेखि भइरहेको अविरल वर्षाका कारण भीषण पहिरोको घटना भइरहेका छन्, जसमा हालसम्म कम्तीमा पाँच जनाको ज्यान गएको छ। चम्पाई जिल्लामा, आज बिहान भारत–म्यानमार सिमानामा पर्ने वाफाई गाउँमा पहिरो जाँदा एउटै परिवारका दुई महिला र एक पुरुषको मृत्यु भएको स्थानीय वाफाई ग्राम अध्यक्ष जोनी रेंगखुमाले जानकारी दिनुभयो।यसैगरी, सेरछिप जिल्लामा पनि आज बिहान गएको पहिरोमा एक व्यक्तिको मृत्यु भएको र धेरै घरहरू पूर्ण रूपमा क्षतिग्रस्त भएको जनाइएको छ। सूचनाअनुसार, पहिरोले सेरछिप–आइजोल खण्डको राष्ट्रिय राजमार्ग चौवन अवरुद्ध भएको

छ।जिल्ला प्रशासनले दिएको जानकारीअनुसार, 55 वर्षीय एक पुरुषको मृत्यु भएको छ, र धेरै बासिन्दाहरू आफ्नो घर छोडी सुरक्षित स्थानमा सरेका छन्। यसैगरि लॉन्गतलाई जिल्लामा शुक्रबार राति गएको भएको पहिरोले ठूलो क्षति पुऱ्याएको छ।उक्त घटनामा एक होटलसहित सात घर पहिरोमा पुरिएको जनाइएको छ, र धेरै मानिसहरूको ज्यान गएको आशंका गरिएको छ। अधिकारिक स्रोतका अनुसार, भग्नावशेषमा पुरिएका एक व्यक्तिलाई सकुशल उद्धार गरिएको छ भने अर्का व्यक्तिको उद्धार कार्य अझै जारी रहेको छ।